नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं पौष ९ गते २०११ साल [अतिरिक्ताङ्क

भाग २

करेन्सी एण्ड एक्सचेन्ज विभाग,
अर्थमन्त्रालयको सूचना

मिति –पौष ८, २०११

२०११ मार्ग २३ गतेको सूचनाबमोजिम सदर मुलुकीखाना नोट विभागमा भारतीय नोटको खरिद बिक्री भइरहेकोमा अब ०११।९।८ देखि तपसीलबमोजिम गर्ने भएकोले जनसाधारणको जानकारी होस् भनी यो विज्ञप्ति प्रकाश गरिदिएको छ ।

तपसील

(१) ३०० तीनशयसम्म भा. रु. चाहने व्यक्तिले भारतबाट माल झिकाउने वा भा. रु. मात्र चरने क्षेत्रमा भई खर्च गर्ने यथार्थ कारण खोली मैजिष्ट्रेट आफिसमा दरखास्त दिई मैजिष्ट्रेटको सिफारिस भई आएका दरखास्त-बाबाहरुले भा. रु. १०० को मोहरु १७५।२५ को दरमा भा. रु. सट्टही पाउनेछन् ।

(966)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ३०० तीनशयभन्दा बढी चाहने महाजन या फरमले पैठारीको भुक्तानी दिन चाहिएको भा. रु. को परिमाण, कुन कुन समयमा कति कति चाहिएको हो, यही मार्ग २३ गते प्रकाशित भएका शर्तहरु भएको फार्म भरी नोट विभाग-मा दरखास्त दिनू। स्वीकृत दरखास्तहरुमा सटही दिंदा शयकडा ३% डिपो-जिट लिई भा. रु. १०० को मोहर १७५।२५ को दरमा सटही दिइनेछ। आएका मालहरू बिक्री गर्ने विषय उक्त दरमा सटही पाएका बक्त मालको मोलमा सरकारले नियन्त्रण गर्नेछैन।

(३) अरु २०११ मार्ग २३ गतेकै सूचनाबमोजिम नै हुनेछ।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

(१८८)

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।